नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद्
त्रिपुरेश्वर, काठमाण्डौं

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२

पत्र सख्या : २०७३/०७४ मिति : २०७४/०२/०७

च न ५०४

श्री जिल्ला युवा समितिको कार्यालय
७५ जिल्ला ।

*विषय : समाजका लागि युवाको एक दिन कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा ।*

प्रस्तुत विषयमा यस आव २०७३/७४ मा युवाहरुमा सामाजिक उत्तरदायित्वको विकास गराउने, स्वयंसेवकीय भावनाको अभिवृद्धि गर्ने, सामाजिक कार्यमा युवा सहभागीता बढाउने, सामाजिक कार्यमा युवालाई जागरुक बनाई उत्प्रेरित गर्ने, समाज र युवावीचको सम्वन्धलाई सुदृढ बनाउने उदेश्यका साथ सबै जिल्लाहरुमा ***"समाजका लागि युवाको एक दिन"*** कार्यक्रम सञ्चालनको लागि अख्तियारी प्राप्त भएको अवगत नै छ । उक्त कार्यक्रम सञ्चालनको लागि मिति २०७४ जेष्ठ १५ गते गणतन्त्र दिवशको अवसर पारेर तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने यस परिषद्को मिति २०७४/०२/०७ गतेको निर्णय अनुसार अनुरोध छ ।

**तपसिल :**

१) जिल्ला स्थित विभिन्न राजनैतिक युवा संघ संगठन, कार्यालय, संघसस्था, कलेज आदि सँगको समन्वय एवं सहकार्यमा नगर तथा कुनै खास सार्वजनिक क्षेत्रको सरसफाई अभियान सञ्चालन गर्ने । सो को अतिरिक्त जिल्लाको आवश्यकता, तत्कालिन अवस्था आदिको आधारमा तय गर्न सकिने रक्तदान, वृक्षारोपण, श्रमदान जस्ता अन्य सृजनात्मक कार्यक्रमहरु पनि सञ्चालन गर्न सकिने ।

२) कार्यक्रम सञ्चालन गर्दा युवाको संलग्नता र सक्रियता उल्लेख्य हुनुपर्ने ।

३) कार्यक्रम सम्पन्न भै सकेपछि सो को फोटो सहितको प्रतिवेदन परिषद्मा अविलम्व पठाउने ।

४) यसको लागि व्यवस्था गरेको रकमवाट व्यानर, सरसफाईका सामग्री तथा जलपान आदिमा खर्चगर्न सकिने छ ।

२०७४/२/६

कृष्णचन्द्र पोखेल
शाखा अधिकृत